# जैविक विविधता दिवसको नारा र गरिबमुखी जैविक विविधता संरक्षण अभियानको खाँचो

■ डा. भरत कुमार पोखरेल

जैविक विविधतामा ह्रास आउनु र गरिबी बढ्नुलाई कसै कसैले “बाघ कराउनु र बाखो हराउनु” उखान टुक्कासँग जोडी जैविक विविधता घट्नुमा गरिबहरुको दोष देख्ने गर्दछन् । यो विचार राख्ने मानिसहरुले निति निर्माण गर्दा गरिबहरुलाई तह लगाए पछि मात्र जैविक विविधताको संरक्षण हुन्छ भन्ने ठहर गर्छन् र सोहिअनुसार गरिबलाई बढी भन्दा बढी सास्ती हुने गरी कडा खालका नियम, कानुन, निर्देशन र निर्णय गर्ने गर्दछन् । संरक्षित क्षेत्रको परिकल्पना र सो क्षेत्रलाई जनताबाट अलग राख्न अपनाइएका पुराना ढर्राका फर्मुला खासगरी “बार बन्देज लगाउ” र “बदमासलाई बेसरी दण्ड जरिबाना गर” तथा “गस्ती र नियन्त्रण गर” भन्ने अवधारणा नेपालका संरक्षित क्षेत्रमा पनि लागु गरिएका छन् । उपनिवेशवादीहरुले विकासोन्मुख मुलुकका वन जंगल संरक्षण गर्दा विगतमा अपनाएका यी फर्मुलाहरुले श्रोतको संरक्षण नहुने र गरिब दुःखीहरुले झन दुख पाउने गरेका उदाहरणहरु संसारभरि हजारौं ठाँउमा भेटिएका छन् । तर यो पुरानो ढर्राको संरक्षणमुखी प्रणालीलाई आत्मसात गर्दै पश्चिमेली सल्लाहकारहरुको निर्देशन र ढाँचामा संसारभरी संरक्षण क्षेत्रहरु हाल पनि बढेका बढ्यै छन् । नेपालले पनि यसै होडबाजीमा वन क्षेत्रको सम्पूर्ण क्षेत्रफल मध्ये १८ प्रतिशत भन्दा बढी क्षेत्र संरक्षित क्षेत्रको रुपमा घोषणा गरी आफू संरक्षण प्रेमी भएको प्रमाणित गर्न खोजिरहेको छ । यी संरक्षित क्षेत्रमा लागु गरिएका बार र बन्धन तथा गस्ती र नियन्त्रणको अवधारणाबाट बढी मारमा पर्ने मानिसहरु चाहिँ संरक्षित क्षेत्र वरपरका गरिब दुःखी किसानहरु नै हुन् । संरक्षित क्षेत्र वरपरका जनताहरुको सहभागिता स्वीकार्दै उनीहरुलाई राहत र विकास समेत दिने उद्देश्यले ल्याइएको मध्यवर्ती क्षेत्रको अवधारणा लागू भएर पनि यसबाट धेर थोर फाइदा पाउने वर्गमा होटल व्यवसायी, उपभोक्ता समितिका टाठाबाठा व्यक्तिहरु तथा शक्ति केन्द्र र यस वरपर रहेका पढे लेखेका वर्गहरु नै रहेका छन् । जैविक विविधताको संरक्षणको अभियान आफैमा अत्यन्त पवित्र र अति आवश्यक कार्य हो । यस अभियानमा लागि परेका कैयौं असल नियत भएका नीति निर्माता, दक्ष प्राविधिक, बुद्धिजीवी र वातावरण संरक्षणप्रेमीहरुको प्रयास प्रसंशनिय हुँदाहुँदै पनि यो अभियानबाट गरिब दुःखीहरुले फाइदा पाउन नसक्नु बरु उल्टै संरक्षणको नाममा “बढी मार र भार” खप्नु पर्ने अवस्था रहनु हाम्रो जस्तो मुलुकका लागि अत्यन्तै दुःखदायी पक्ष हो ।

जैविक विविधता संरक्षण अभियानबाट गरिब दुःखीहरुले जति फाइदा पाउनु पर्ने हो त्यति नपाएको वास्तविकतालाई महसुस गरेर होला यसपालिको जैविक विविधताको नारा “जैविक विविधता : सबैका लागि खाद्यान्न, पानी र स्वास्थ्य” अत्यन्तै जनमुखी छ । यस नाराले जैविक विविधताको फाँटमा एक क्रान्ति नै ल्याएको छ भन्न सकिन्छ । यो नारालाई सूक्ष्मरुपले केलाएर बूझ्न कोशिस गर्ने हो भने जैविक विविधता फाँटमा बर्षौदेखि उठ्दै आएको महत्वपूर्ण प्रश्नः आखिरमा जैविक विविधता संरक्षण के का लागि र कस्का लागि को जवाफ यसपालिको नाराले स्पष्ट रुपले दिएको छ । नाराले भन्छ, जैविक विविधता संरक्षण अभियान विगतमा झै सीमित व्यक्तिका लागि मात्र हुनु हुँदैन । यो अभियानमा सबै लाग्नु पर्छ र यसबाट सबैले फाइदा पाउनु पर्छ । त्यसमा पनि सबैका लागि भन्ने नाराको आसय त्यो विपन्न वर्गप्रति लक्षित छ, जुन वर्ग अहिलेसम्म फाइदावाट उपेक्षित छ । त्यो वर्ग उल्टै जैविक विविधतामा आएको ह्रासको कारक भनेर आरोपित छ । तसर्थ

नाराको आसय त्यसमा पनि ती विपन्न गरिब वर्ग फाइदाबाट वन्चित नहुन् भन्ने हो । यसको अलावा जैविक विविधता के का लागि भन्ने सवालको जवाफ पनि नाराले स्पष्ट पारीदिएको छ । त्यो हो जैविक विविधताको संरक्षणको लक्ष्य खाना, पानी र स्वास्थ्यका लागि हुनु पर्छ । खाना, पानी र स्वास्थ्यवाट को वन्चित छ त भन्दा तिनै गरिब तथा विपन्न वर्ग । त्यसैले नारा भन्छ, जैविक विविधता संरक्षणले ती विपन्न वर्गहरुको खाना, पानी र स्वास्थ्य सम्बन्धी आवश्यकता परिपुर्ती गर्न सक्नु पर्दछ ।

यी त भए अवधारणात्मक कुरा । के गर्‍यो भने जैविक विविधता दिवसको नाराले सार्थकता पाउला त ? अरु कुनै पनि विचारमा पूर्वाग्रही नभई र बुझ नपचाइ इमान्दारिताका साथ नारालाई केलाउने हो भने यो प्रश्नको उत्तर सरल छ । जैविक विविधता संरक्षण अभियानलाई बढी भन्दा बढी गरिबमुखी बनाउनु पर्छ । विगतको जस्तो केवल स्रोत संरक्षण, ठूलाबडा र पश्चिमेली मुलुकमुखी होइन् गरिब, दुःखी र विपन्न वर्गका जनताको दाना, पानी र स्वास्थ्यमुखी हुनुपर्छ । केवल नाफा र मनोरन्जनमुखी होइन ।

जैविक विविधता फाँटमा देखिएको भनाई र गराईलाई नियालेर हेर्ने हो भने नेपालमा स्पस्ट धारणा र खाकाको अभावमा जैविक विविधता संरक्षण कार्यलाई गरिबमुखी बनाउन सकिएको छैन । के गर्‍यो भने जैविक विविधता संरक्षण अभियान बढी गरिबमुखी बनाउन सकिन्छ भन्ने जिज्ञासा धेरै संरक्षण प्रेमीहरुमा रहेको पाइएको छ । यसै सन्दर्भलाई महसुस गरी जैविक विविधता संरक्षणलाई गरिबमुखी बनाउन ध्यान दिनु पर्ने महत्वपूर्ण ६ वटा विषयहरुलाई बुदाँगत रुपमा यस लेखमा प्रस्तुत गरिएको छ ।

ज्ञ। जैविक विविधता संरक्षण सम्बन्धी नीति, ऐन, नियमावली, मार्ग निर्देशिका, प्रकृया, निर्णय र परिपत्रमा गरिबहरुको पक्षमा के के लेखिएको छ र के कति लागू भएको छ भन्ने कुराको मूल्याङ्कन र विश्लेषण हुनु पर्दछ । सो अनुसार आवश्यक पर्ने श्रोत, साधन, सङ्गठन र जनशक्ति जुटाइ गरिबको पक्षमा काम गर्न प्रतिवद्ध गराउने पद्धतिको विकास गर्नु पर्छ ।

गरिबवर्गलाई जैविक विविधता संरक्षणका बाधकको रुपमा हेरेर बनाइएका कडा नीति नियम र निर्णयहरु तथा सानो चित्तले छुट्याइएको श्रोत र साधनले न त जैविक विविधताको संरक्षण हुन्छ न गरिबहरुको हित । जैविक विविधतामा ह्रास आउनुको मुख्य कारण गलत अवधारणा र सोच, गलत नीति नियम र संरचना हुन् । जैविक विविधतामा आएको ह्रास गरिबका कारणले होइन ।

बुझ्नु पर्ने कुरा चाहिँ के हो भने अहिलेका चलन चल्तीका वातावरणीय समस्याहरु जस्तै वन विनाश, प्रदूषण, जलवायु परिवर्तन तथा जैविक विविधतामा ह्रास गरिबहरुले गरेर भएका होइनन् बरु यी कारणहरुले गर्दा बढी दुःख पाउने चाहिँ गरिब वर्गहरु भएका छन् । उनीहरुको दुःख र पीर मर्का कम गर्न न ती निर्माता र संरक्षण कार्यमा जुटेका प्राविधिक कर्मचारी र सामाजिक कार्यकर्ताहरु गरिब प्रति बढी संवेदनशील भै उनीहरुको पक्षमा (पश्चिमेलीको पक्षमा होइन) काम गर्न प्रतिवद्ध हुनु पर्छ ।

द्द। जैविक विविधता संरक्षण कार्यबाट गरिबहरुले परम्परागत रुपमा वन जङ्गलबाट प्राप्त गर्दै आएका दैनिक आवश्यकताका वस्तुहरु जस्तैः दाउरा, घाँसपात, स्याउला, पतकर, खर, बाँस, निगालो, जडीबुटी, काठ, घोंचाघारा, लहरा पात, फलफूल, कन्दमूल, माछामासु, निगुरो, च्याउ आदि प्राप्त गर्न पाइरहेका छन् कि छैनन् ? बाटो, पँधेरो, चिहान, देवी देउराली, गोठपूजा,

थानीपुजा, मसान पूजा जस्ता जीविकोपार्जन तथा धार्मिक आस्थानुसारका परम्परागत अधिकारहरु प्रयोग गर्न पाइरहेका छन् छैनन् ? हेरिनु पर्दछ ।

संरक्षणको नाममा गरिबहरुको परम्परागत अधिकार र श्रोत माथिको पहुँचमा बाहिरबाट बन्देज लगाएर जैविक विविधताको संरक्षण गर्ने प्रयास दिगो र टिकाउ हुँदैन ।

घ। जैविक विविधता संरक्षण कार्य स्थानीय जनसमुदाय, त्यसमा पनि खासगरी प्राकृतिक श्रोतमा बढी निर्भर रहेका गरिब वर्गहरुको सकृय सहभागिता, उनीहरुको बुझाइको स्तरमा वृद्धि र क्षमता विकास विना सम्भव छैन । जैविक विविधता सम्बन्धी तालीम, गोष्ठी, अध्ययन भ्रमण र चेतनामूलक कार्यक्रमका लागि छनौट गरिने सहभागीहरु गरिब, निमुखा, निरक्षर र मौका नपाएका वर्गहरुबाट हुनु पर्छ । ती वर्गहरुलाई सुहाउँदो पाठ्य सामाग्री र तालिम पद्धतिको विकास गर्नु पर्छ र ती वर्गहरुलाई क्षमता विकासका लागि विशेष प्राथमिकता दिइ मौका दिनु पर्दछ ।

बोल्न र लेख्न जान्ने नाममा क्षमता विकास सम्बन्धी कार्यक्रमहरुमा केवल टाठा बाठालाई मात्र मौका दिएर र सिकाएर जैविक विविधताको संरक्षण हुन सक्दैन । टाठा बाटाहरुलाइ पनि मौका दिनु पर्छ तर यस्ता तालिमहरु गरिब प्रति बढी सम्वेदनशील र जिम्मेवार गराउने धारणा र व्यवहार परिवर्तन हुने खालका हुनु पर्दछ । प्रविधि हस्तान्तरण र संरक्षण शिक्षा मात्रले पुग्दैन ।

ङ। जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यका लागि गठन हुने संरक्षण/व्यवस्थापन समितिहरुका महत्वपूर्ण पदहरुमा गरिब तथा निमुखाहरुको पहुँच र नेतृत्व बढाउन विशेष कार्यक्रम चाहिन्छ । स्थानीय स्तरमा गरिब भन्दा गरिबको पहिचान गर्ने सरल पद्धतिहरुको विकास भै कतिपय ठाउँमा प्रयोग पनि भै सकेको छ । ती पहिचान भएका गरिब वर्गहरुलाई आधारभुत शिक्षा, आय आर्जनका उपाय तथा त्यसका लागि योजना र आवश्यक श्रोत तथा बन्द व्यापारबारे जानकारी र मद्दत दिन सकियो भने मात्र गरिबहरुले नेतृत्वदायी भूमिकामा समय दिन सक्छन् अन्यथा सहभागिताको नाममा गरिबलाई थप भार बढ्छ । यसको परिणामस्वरुप सहभागिता सकृय किसिमको हुँदैन र संरक्षण पनि प्रभावकारी हुँदैन ।

छ। मध्यवर्ती क्षेत्र तथा एकीकृत संरक्षण र विकास आयोजना लागू भएका क्षेत्रहरुमा सामुदायिक पूर्वाधार विकास सम्बन्धी प्रशस्त काम भएको पाइएको छ । उपभोक्ता समूह तथा परियोजनाले यो क्षेत्रमा ठूलै धनरासी खर्च गरेको पनि पाइएको छ । खासगरी विद्यालय भवन, सडक, पुल पुलेसा, बिजुली, खानेपानी, सिँचाइ, सामुदायिक भवन, मन्दिर, टेलिफोन लाइन बिस्तार जस्ता पूर्वाधारहरु गाउँको लागि अति आवश्यक पनि देखिएका छन् । तर यी पूर्वाधारहरुमा गरिबवर्गहरुको पहुँच कति रहेछ र यी बाट गरिबहरुको जीविकोपार्जनका अवसरहरु कति बढेछन् भनेर सूक्ष्म तरिकाले विश्लेषण गर्दा अत्यन्तै निरासाजनक स्थिति देखिएको छ । गरिबलाई टेलिफोन लाइन र मन्दिर भन्दा आय आर्जनका लागि सहुलियत दरमा ऋण चाहिँदो रहेछ ।

पूर्वाधार विकासमा गरिबको पहुँच कम भएकोले गरिबको पक्षमा छुट्टै व्यवस्था हुनका लागि उपभोक्ता समिति, आयोजना परियोजना तथा नीति निर्माणमा गरिबहरुको आवाज पुऱ्याइ गरिब स्वयंलाई उस्को हिस्सा स्वयं खोज्न सक्ने बनाउनु पर्ने रहेछ । यस्का लागि उपभोक्ता समितिको काम तथा आयोजना परियोजनाको बजेट बाँडफाँटमा गरिबमुखी कार्यक्रमको लागि खास हिस्सा र प्रतिशत वर्षेनी यकिन गराउन सहजीकरण गर्नु पर्दछ । गरिब वर्गहरुलाई

वित्तीय सहयोग प्रदान गर्दा के काममा कसरी लगानी गर्ने र कहिले सावा चुक्ता गर्ने, नाफा के कसरी प्राप्त गर्ने भन्ने बारेको योजना बनाउन समेत सहयोग गर्नु पर्दछ ।

ट। गाउँघर स्तरदेखि नीति निर्माण स्तरसम्मका व्यक्तिहरुको जैविक विविधता संरक्षण सम्बन्धी बुझाइ र गरिब वर्गलाई हेर्ने दृष्टिकोणमा व्यापक परिवर्तन आउनु पर्दछ । जैविक विविधताको संरक्षण गर्न संरक्षित क्षेत्र नै चाहिन्छ, संरक्षण गरेपछि मात्र (व्यवस्थापन होइन) जैविक विविधतामा वृद्धि हुन्छ, गरिब वर्ग संरक्षणका लागि सत्रु हुन, जैविक विविधताको संरक्षण गर्नुको उद्देश्य केवल परिस्थितिकिय प्रणालीको सन्तुलन हो, गरिबी न्यूनिकरणमा जैविक विविधता क्षेत्रको योगदान हुन सम्भव छैन आदि इत्यादि तर्कहरु केही पढे लेखेका भनाउँदाहरुको उपनिवेसीक सोच र पुरानो ढर्राका सिद्धान्तमा आधारित फितला तर्कहरु मात्र हुन् । यो किसिमको सोचमा परिवर्तनको खाँचो छ । नयाँ पिढीका संरक्षणविदमा जनतामुखी सोच आएको छ जसलाई एउटा शुभ लक्षण र राम्रो संकेत हो भन्न सकिन्छ तर पुरानो सोच अझ पनि धेरैमा व्याप्त छ । यसमा परिवर्तन जरुरी छ । यसका लागि नयाँ खाले संरक्षण शिक्षाको आवश्यकता छ ।

जैविक विविधताको संरक्षण गर्न संरक्षित क्षेत्र नै चाहिन्छ भन्ने जैविक विविधताको घेरालाई अत्यन्तै सानो बनाउनु हो । संसारका संरक्षित क्षेत्र भित्र त केवल ५-१०% मात्र जैविक प्रजाति होलान, बाँकि त सबै संरक्षित क्षेत्र बाहिर नै छन् र संरक्षण भैरहेका छन् । यसै गरी, गरिब वर्ग भनेका "विनास गर्ने तत्व हुन" भनेर गरिब प्रति असम्वेदनशील र असहिष्णु हुनु नेपालका टाठा बाठा वर्गको पुरानो सामन्ती सोचको तुष हो । यो बिचारलाई पनि परिवर्तन गर्नै पर्छ । आजका गरिबवर्ग भनेका विगतमा तिनै टाठा बाठा र शासक वर्गले विभिन्न हिसाबले शोषण र दमन गरेर गरिब बनाइएका वर्ग हुन् । टाठाबाठा वर्गको गरिब वर्गलाई हेर्ने सामन्तीवादी दृष्टीकोण गरिबी न्यूनीकरण अभियानको लागि ठूलो बाधक हो । ति टाठा बाठा वर्ग गरिब प्रति सम्वेदनशील हुने बित्तीकै गरिबी न्यूनीकरणमा धेरै हदसम्म टेवा पुग्न जाने देखिन्छ ।

माथिका ६ वटा बुँदाहरुलाई इमान्दारी साथ सबै नीति निर्माता, प्राविधिक र सामाजिक कार्यकर्ताले मात्र मनन गरी व्यवहारमा उतार्न सके जैविक विविधता संरक्षणको अभियान केही हदसम्म भए पनि गरिबमुखी हुने थियो । गरिबहरुले केही राहत पाउने थिए र जैविक विविधता संरक्षणको अभियान "कस्का लागि" भन्ने सवालको जवाफ पनि प्रष्ट रुपमा पाइने थियो ।

(लेखक नेपाल स्वीस सामुदायिक वन परियोजनामा कार्यरत हुनुहुन्छ ।)